# प्रदेश राजपत्र

**सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड ६) धनगढी, नेपाल, भाद्र ९ गते, २०७९ साल (संख्या ७**

# भाग ३

सुदूरपश्चिम प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## २०७९ सालको अतवारी पर्व बिदाको मिति संशोधन गरिएको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्)को मिति २०७९/०५/०९ को निर्णयानुसार "प्रदेश राजपत्रको खण्ड ६) संख्या १, भाग ३, मिति २०७९/०१/०१ मा "२०७९ सालको सार्वजनिक बिदा सम्बन्धी सूचना" बाट भाद्र १९ गते कैलाली र कञ्चनपुर जिल्लामा आइतबारका दिन दिने भनिएको अतवारी पर्वको बिदाको

मिति संशोधन गरी २०७९ भाद्र १९ गतेको सट्टा भाद्र १२ गते कैलाली र कञ्चनपुर जिल्लामा अतवारी पर्वको बिदा दिने गरी "२०७९ सालको अतवारी पर्वको मिति संशोधन गरिएको सूचना" प्रदेश राजपत्रमा प्रकाशित गर्ने ।" भन्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मन्त्रिपरिषद्बाट निर्णय मितिः २०७९/०५/०९

आज्ञाले,

कमलराज ढकाल

प्रदेश सरकारका सचिव

# भाग ३

## सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको

## सूचना

सुदूरपश्चिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ को दफा ८७ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/११/२२ को माननीय मन्त्रिस्तरको निर्णय अनुसार कैलाली जिल्लास्थित पूर्वमा डोडानदी, पश्चिममा माघिगाउँ जानेबाटो, उत्तरमा चुरे पर्वत (मोहन्याल गाउँपालिकाको सिमाना) र दक्षिणमा टेङ्गनुवा सामुदायिक वन यति चारकिल्ला भित्रको घोडाघोडी ताल क्षेत्रको कुल ६८३९.६३ हेक्टर वन क्षेत्रलाई देहायका कार्यहरु गर्न नपाउने गरी घोडाघोडी पन्छी अभयारण्य क्षेत्र (Ghodaghodi Bird Sanctuary) घोषणा गरेकोले सुदूरपश्चिम प्रदेश वन नियमावली, २०७८ को नियम ६७ को उपनियम (१) बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

देहायः

घोडाघोडी पन्छी अभयारण्य क्षेत्र भित्र देहायका कार्यहरु गर्न पाइने छैनः-

क) वन्यजन्तुको शिकार गर्न वा आखेटोपहार ओसारपसार गर्न,

ख) जुनसुकै पदार्थको घर, छाप्रो, आश्रय वा अरु आकार बनाउन वा भोग गर्न,

ग) कुनै भू-भाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

घ) रुख, विरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न वा वन पैदावार सुक्ने कुनै काम गर्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुर्‍याउन वा वन पैदावार ओसारपसार गर्न,

ङ) घरपालुवा जीवजन्तु वा पन्छी चराउन वा पानी खुवाउन,

च) खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, कङ्कड, माटो वा अन्य यस्तै पदार्थ हटाउन,

छ) वन पैदावार वा वन्यजन्तु, पन्छी वा जग्गालाई क्षति पुर्‍याउन,

ज) हातहतियार खरखजाना वा विष साथमा लैजान वा प्रयोग गर्न,

झ) पन्छी अभयारण्य क्षेत्र भित्र बग्ने नदी, खोला वा पानीको स्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानीकारक वा विस्फोटक पदार्थहरु प्रयोग गर्न,

ञ) पन्छी अभयारण्य क्षेत्रमा अतिक्रमणलाई प्रशय हुने गरी कुनै निकायबाट खानेपानी, बिजुली लगायतका सरकारी सेवा उपलब्ध गराउन,

ट) पन्छी अभयारण्य क्षेत्र भित्र विगतमा भएका अतिक्रमित क्षेत्रलाई कुनै पनि संस्था, आयोग वा सरकारी निकायमा नापी गर्न, जग्गा दर्ता गर्न वा कुनै किसिमले हक हस्तान्तरण गर्न ।

आज्ञाले,<br>
देवेश मणि त्रिपाठी<br>
प्रदेश सरकारको सचिव



**मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली । मूल्यः रु. ५।-**